मेचीनगर खानेपानी व्यवस्थापन प्राधिकरण ऐन, २०७८

मेचीनगर नगरपालिका

मेचीनगर नगरपालिकाको राजपत्र

खण्ड ४ सङ्ख्या ३ २७ असार २०७८

भाग १

मेचीनगर खानेपानी व्यवस्थापन प्राधिकरण ऐन, २०७८

नगर सभाबाट स्वीकृत मिति २०७८ असार २५

प्रमाणीकरण मिति २०७८ असार २७

प्रमाणिकरण गर्नेको नाम र पद नगर प्रमुख श्री बिमल आचार्य

हस्ताक्षर :.....

बिमल आचार्य

प्रस्तावना:

मेचीनगर नगर क्षेत्र भित्र विभिन्न उपभोक्ता समितिमा रहेका खानेपानीहरुलाई एकिकृत योजना, नीति, नियमको अधिनमा रही कार्य सञ्चालन गर्न तथा खानेपानी तथा सरसफाइ सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सर्वसुलभ बनाइ यस नगरका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ध बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोगका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) दिएको अधिकार प्रयोग गरी यो मेचीनगर खानेपानी व्यवस्थापन प्राधिकरण ऐन, २०७८ स्वीकृत गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस ऐनको नाम मेचीनगर खानेपानी व्यवस्थापन प्राधिकरण ऐन, २०७८ रहेको छ ।

ख) यो प्राधिकरण मेचीनगर नगरपालिकाको नगर सभाबाट स्वीकृति भएको मितिबाट प्रारम्भ भएको मानिनेछ ।

२. परिभाषा :

बिषय वा प्रसङ्गले अर्को अर्थ नलाग्ने यस ऐनमा :

१) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम गठन भएको मेचीनगर खानेपानी व्यवस्थापन प्राधिकरण सम्झनु पर्दछ ।

बिमल आचार्य

Scanned with CamScanner

३) "समिति" भन्नाले दफा १० बमोजिम गठन भएको प्राधिकरणको कार्यकारी समिति सम्झनु पर्दछ ।

३) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ ।

४) "सदस्य" भन्नाले कार्यकारी समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

५) "नगरपालिका" भन्नाले मेचीनगर नगरपालिकालाई सम्झनु पर्दछ ।

६) "खानेपानी उपभोक्ता संस्था" भन्नाले नेपाल सरकारको कानून बमोजिम सम्बन्धित निकायहरुमा दर्ता भई खानेपानी वितरण गरिरहेको खानेपानी उपभोक्ता संस्थालाई सम्झनु पर्दछ ।

७) "भौगोलिक क्षेत्र" भन्नाले वोर्डले खानेपानी वा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन दफा ६ बमोजिम तोकेको क्षेत्र सम्झनु पर्दछ ।

८) "प्राकृतिक पानी" भन्नाले सनातनदेखि ढुङगेधारा, कुवा नदी, खोला, इनार पोखरी, ताल वा सहती प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्दछ ।

९) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन वा शुद्धिकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम सम्झनु पर्दछ ।

१०) "सरसफाइ सेवा" भन्नाले मानव मलमूत्रबाट वा घरेलु व्यापारिक वा औद्योगिक उपयोग पश्चात निश्कासन भएको फोहोरपानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहोर पदार्थलाई नष्ट गर्ने, निश्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्दछ ।

११) "सेवा" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सम्झनु पर्दछ ।

१२) "सेवा प्रदायक" भन्नाले महशुल लिइ सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समुह वा संगठित संस्था सम्झनु पर्दछ र सो शब्दले प्राधिकरण संग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ ।

१३) "सेवा प्रणाली" भन्नाले खानेपानी वा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले निर्माण जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहोर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लान्ट वा त्यस्तै किसिमको अन्य उपकरण वा संरचना सम्झनु पर्दछ ।

१४) "महशुल" भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ताबाट लिन पाउने महशुल सम्झनु पर्छ ।

१५) "कार्यकारी निर्देशक" भन्नाले दफा १८ बमोजिम नियुक्त प्राधिकरणको कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ ।

Scanned with CamScanner

"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

१७) 'कर्मचारी' भन्नाले कार्यकारी समितिले सञ्चालन गरेको आयोजनाको दैनिक कार्य सञ्चालन गर्न नियुक्त गरेको कर्मचारीलाई जनाउँनेछ ।

१८) "छाप' भन्नाले प्राधिकरणको कामकाजको लागि गोलाकार भित्र धाराबाट पानी झर्दै गरेको चित्र भएको र वरिपरी मेचीनगर खानेपानी व्यवस्थापन प्राधिकरण स्थाः २०७८ झापा लेखिएको छाप नै प्राधिकरणको आधिकारिक छाप हुनेछ ।

परिच्छेद २

प्राधिकरण गठन तथा काम कर्तव्य र अधिकार

३. प्राधिकरण गठन गर्न सक्ने :

१) नगरपालिकाले यस नगर भित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/सस्थाको सेवा प्रणाली तथा सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन खानेपानी व्यवस्थापन प्राधिकरण गठन गर्नेछ ।

२) उपदफा १ बमोजिम नगरपालिका क्षेत्रभित्र रही सेवा प्रदान गरिरहेको सबै खानेपानी उपभोक्ता संस्था/समितिहरु यसै प्राधिकरणको अधिनमा रहनेछन ।

४. उपदफा ३ बमोजिम कुनैपनि उपभोक्ता संस्था थप गर्नु परेमा नगरसभाले निर्णय गरी थप गर्न सक्नेछ ।

५. प्राधिकरण नगरपालिकाको अधिनस्त रहने: नगरपालिकाले गठन गरेको प्राधिकरण नगरपालिका अधिनस्त रहनेछ ।

६. विनियम तथा निर्देशिका बनाउन सक्ने :

१. प्राधिकरण सञ्चालनका लागि प्राधिकरणले विनियम, कार्य सञ्चालन निर्देशिका बनाउन सक्नेछ ।

२. उपदफा (१) बमोजिम प्राधिकरणले बनाएका विनियम, कार्य सञ्चालन निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

७. प्राधिकरणको भौगोलिक क्षेत्र :

१) प्राधिकरणको भौगोलिक क्षेत्र नगरपालिकाले तोके बमोजिम हुनेछ ।

२) उपदफा (क) मा जेसुकै लेखिएको भएता पनि प्राधिकरण गठन गर्दाका बखत मेचीनगर नगरपालिका भित्रको खानेपानी सेवा प्रणालीबाट अन्य कुनै गाउँ पालिका वा नगरपालिकाको कुनै भागमा समेत सेवा सञ्चालन भइरहेको रहेछ भने त्यस्तो गाउँपालिका वा नगरपालिकाको त्यस्तो कुनै भाग समेत बोर्डको भौगोलिक क्षेत्रभित्र समावेश भएको मानिनेछ ।

Scanned with CamScanner

९. प्राधिकरणको काम कर्तव्य र अधिकार : यस प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) सेवा प्रणाली सञ्चालन निर्माण, विस्तार सुधार गर्ने गराउने ।

२) सेवाको उपयोग सम्बन्धी नीति बनाइ कार्यन्वयन गर्ने गराउने ।

३) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूशित हुन नदिने ।

४) खानेपानीको स्रोत, वितरण तथा सरसफाइ सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने ।

५) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वय गर्ने गराउने ।

६) प्रचलित कानून बमोजिम सेवाको महशुल दर निर्धारण गर्ने गराउने ।

७) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने ।

८) उपभोक्तालाई प्रदान गर्ने सेवाबापत निर्धारण महशुल असूल गर्ने गराउने ।

९) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पिरमर्का पर्न गएमा सो उपर सुनुवाइ गरी उपयुक्त उपचार दिने ।

१०) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

११) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

१२) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाउने ।

१३) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने गराउने ।

९. पानी उपभोग तथा वितरण सम्बन्धी अधिकार गर्ने :

१) उपभोक्ता समिति/संस्थाले सञ्चालन र व्यवस्थापन गरेको सेवा प्रणाली प्राधिकरणले जिम्मा लिएपछि उपभोक्ता समिति/संस्थाले सेवा प्रदान गर्न उपयोग गरेको पानीको सम्पूर्ण स्रोत प्राधिकरणको अधिकार हुनेछ ।

२) उपदफा (क) बमोजिम उपभोक्ता संस्थाबाट प्राप्त भएको सेवा प्रणालीको उपयोग, सञ्चालन तथा मर्मत सम्भार पुनस्थापन गर्ने क्रममा सार्वजनिक वा व्यक्तिगत घर जग्गामा पाइप राख्ने वा संरचनाको पुननिर्माण वा पुनस्थापना गर्ने सम्बन्धमा प्राधिकरणलाई उपभोक्ता संस्थालाई भएको अधिकार स्वत रहनेछ ।

३) उपदफा (क) र (ख) बमोजिमको सेवा संचालन गर्न प्राधिकरण एउटा छुट्टै कार्यालय नगरपालिकाले तोकेको स्थानमा हुनेछ । सोहिकार्यलबाट उपभोक्ताहरुलाई सम्पुर्ण सेवा प्रदान गरिनेछ ।

१०. कसूर तथा सजाय सम्बन्धी अधिकार :

Scanned with CamScanner

कसैले यो ऐन वा यसअन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ :

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुयाएमा क्षति भएको हानि नोक्सानी भराई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुयाएकोमा कसूरको मात्रा हेरी पच्चीस हजार रुपैयाँसम्म जरिबाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा एक्काईस हजार रुपैयाँसम्म जरिबाना गरी सेवा बन्द गर्न,

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुयाएमा पन्ध्र हजार रुपैयाँसम्म जरिबाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगोबमोजिम जरिबाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा ३ महिनासम्म बन्द वा निलम्बन गर्न ।

२) सेवा प्रदायकद्वारा सेवा प्रदान भएको अवस्थामा उपदफा (१) बमोजिमको कसूरका सम्बन्धमा सजाय गर्न वा क्षतिपूर्ति भराउन सेवा प्रदायकको कार्यलयले सक्नेछ ।

३) उपदफा (२) बमोजिम सेवा प्रदायको कार्यालयले गरेको निर्णय चित नबुझेमा ७ दिन भित्रमा बोर्डमा लिखित निबेदन दिन सक्नेछ ।

४) उपदफा (२) बमोजिम कार्यलयले गरेको निर्णय चित्त नबुझि कार्यकारी समितिले छानबिन गरी दिएको निर्णय नै बोर्डको अन्तिम निर्णय हुनेछ ।

परिच्छेद ३

कार्यकारी समितिको गठन सम्बन्धी व्यवस्था

११. कार्यकारी समितिको गठन :

१) दफा ३ बमोजिम गठन भएको प्राधिकरण मेचीनगर नगरपालिको नीतिको अधिनमा रही खानेपानी सेवा सम्बन्धी कार्य गर्न प्राधिकरणको तर्फबाट सम्पादन गर्नुपर्ने सम्पूर्ण काम कारवाही सुचारुरुपले सम्पादन गर्न एक कार्यकारी समिति रहनेछ ।

२) उपदफा १ बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन ।

क)	अध्यक्ष	:	नगर प्रमुख
ख)	उपाध्यक्ष	:	नगर उप प्रमुख
ग)	सदस्य	:	विषयको विज्ञहरुबाट कार्यपालिकाले तोकेको २ जना
घ)	सदस्य	:	उपभोक्ता संस्थाका संयोजक मध्ये ४ जना

ङ) सदस्य सचिव : कार्यकारी निर्देशक

३) उपभोक्ता संस्थाबाट प्रतिनिधित्व गर्ने सदस्यको छनौटका प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

४) कार्यकारी समितिको पदावधि ५ बर्षको हुने छ ।

५) समितिका सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूचीमा २ मा उल्लेख भए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

६) कार्यकारी समितिको सदस्यहरुले अनुसूची २ मा उल्लेख भए बमोजिमको ढाँचामा शपथ लिँदा अध्यक्ष समक्ष शपथ लिनु पर्नेछ ।

१२. सदस्यको पद रिक्त हुने अवस्था : समितिमा मनोनित सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछ :

१) निजले मनोनयन गर्ने निकायसमक्ष आफ्नो पदबाट लिखित राजिनामा दिएमा,

२) निजको पदावधी समाप्त भएमा,

३) निज साहूको दामासाहीमा परेमा,

४) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

५) निजको मृत्यु भएमा ।

१३. रिक्त स्थानको पूर्ति : समितिको मनोनित सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी रिक्त पदपूर्ति गरिनेछ ।

१४. समितिको बैठक र निर्णय :

१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर दुई बैठकबीचको विशेष कारण बाहेक फरक दुइ महिनाभन्दा बढी हुने छैन ।

२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) उपपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

४) समितिका कुल सदस्य संख्याको ५१ प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७) समितिको बैठकको निर्णय कार्यकारी निर्देशकले प्रमाणित गर्नेछ ।

Scanned with CamScanner

समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

१५. कार्यकारी समितिको अध्यक्षको काम कर्तव्य र अधिकार :

१) समितिको बैठक बोलाउने ।

२) समितिको बैठकको अध्यक्षता गर्ने ।

३) आवश्यकतानुसार अन्य क्षेत्रमा संस्थाको प्रतिनिधित्व गर्ने ।

४) आवश्यकतानुसार संस्थाको तर्फबाट कुनै व्यक्ती, संस्था, सरकारी निकायसँग सम्झौता गर्ने ।

५) समितिको निर्णय कार्यान्वयन गराउन र आवश्यतानुसार आँफुमा रहेका अधिकार प्रत्यायोजन गर्ने ।

६) बार्डले सञ्चालन तथा विकास गरेको आयोजनाको समष्टिगत जिम्मेवारी लिने ।

७) आयोजनको सफल सञ्चालन र उपभोक्ताको हितलाई सर्वोपरी प्राथमिकता दिई समय समयमा आयोजनाको निरिक्षण गर्ने ।

८) समितिको बैठकमा कुनै बिषयमा छलफल हुदा मत बराबर भएमा निर्णायक मत दिने ।

९) कार्यकारी निर्देशकबाट अत्यावश्यक विषयवस्तुको बारेमा जानकारी लिने दिने ।

१०) सार्बजनिक सुनाईको कार्यक्रम गर्ने ।

१६. समितिका सदस्यहरुको काम कर्तव्य र अधिकार :

१) समितिले निर्णय गरेका कुराहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने।

२) आयोजनासँग सम्बन्धित विषयमा समस्या परेमा समाधान गर्न कोसिस गर्ने ।

३) अध्यक्षको निर्देशन अनुसार आयोजनाको दायित्वको निमित्त आवश्यक कार्य गर्ने ।

४) कार्यकारी निर्देशकसँग सम्पर्क राखी आयोजनासँग सम्बन्धी जानकारी लिने दिने ।

५) कार्यकारी समितिले तोकिएका काम गर्ने ।

६) कार्यकारी समितिको बैठकमा उचित लिखित तथा मौखिक राय, सल्लाह र सुझाब पेश गर्ने ।

१७. सदस्यहरुको भता तथा सुविधा :

१) समितिको सदस्यले बैठकमा भाग लिए बापत बिनियम वा कार्य संचालन निर्देशिकामा ब्यबस्था भए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) समितिका सदस्यले प्राधिकरणले काम गरेबापत पाउने अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

१८. उपभोक्ताको हित हेर्नु पर्ने : समितिले प्राधिकरणको तर्फबाट काम कारबाही गर्दा उपभोक्ताको बृहत्तर हित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागेको लागत खर्चसमेतलाई विचार गर्नु पर्नेछ ।

Scanned with CamScanner

परिच्छेद ४

कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१९. कार्यकारी निर्देशकको व्यवस्था :

१. प्राधिकरणको कार्यकारी प्रमुखको रुपमा काम नगर कार्यपालिकाले नगर कार्यपालिका कार्यालयको अधिकृतस्तर आठौं वा सो भन्दा माथीको कर्मचारीलाई कार्यकारी निर्देशक तोकी जिम्मेवारी दिनेछ ।

२. कार्यकारी निर्देशकको सेवा सुविधा तोकिए वमोजिम हुनेछ ।

२०. कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकार : कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) नगरपालिका तथा समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने

२) प्राधिकरणको अल्पकालीन तथा दीर्घकालीन योजना, बार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने ।

३) नगरपालिका तथा समितिबाट स्वीकृत कार्यक्रम कार्यन्वयन गर्ने गराउने ।

४) प्राधिकरणका लागि आवश्यक पर्ने कर्मचारी लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

५) समितिबाट स्वीकृत हुनुपर्ने प्रस्तावहरु समिति समक्ष पेश गर्ने ।

६) तोकिए बमोजिम अन्य काम गर्ने ।

७) आयोजना संचालनबाट भएको मासिक आम्दानी र खर्च अनुमोदनका लागि कार्यकारी समितिमा पेश गर्ने ।

२१. कर्मचारीको सम्बन्धी व्यवस्था :

१) प्राधिकरणमा गठन हुँदाका बखत सम्बन्धित खानेपानी उपभोक्ता संस्थाहरुमा सम्बन्धित पदमा कार्यरत कर्मचारीहरुको सोही तह, श्रेणि, स्तर तथा सेवा अवधि गणना हुने गरी यस ऐन बमोजिम नियूक्त भए गरेको मानिनेछ ।

२) उपदफा (१) बमोजिम नियुक्त भएका कर्मचारीको सेवा शर्त तत्कालिन नियुक्त भएको बखत बमोजिम हुनेछ ।

३) कर्मचारी सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

परिच्छेद ५

प्राधिकरणको विशेषाधिकार

२२. उपभोक्ता तथा सरसफाई उपभोक्ता समिति/संस्था गठन तथा व्यवस्थापन :

१) प्रचलित कानून बमोजिम गठन भई संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्था स्वत: प्राधिकरणको मातहत आउनेछन् ।

२) नगरपालिकाले भौगोलिक क्षेत्रका आधारमा निश्चित कार्य गर्न सक्ने गरी थप खानेपानी उपभोक्ता तथा सरसफाई समिति/संस्था गठन गर्न सक्नेछ ।

खानेपानी उपभोक्ता तथा सरसफाई समिति/संस्था गठन प्रकृया तोकिए बमोजिम हुनेछ ।

४) उपदफा (३) बमोजिम समिति गठन नभएसम्म नगरपालिकाले वडा अध्यक्षको अध्यक्षतामा ७ सदस्यीय तदर्थ गठन गर्न सक्नेछ ।

५) उपदफा (३) बमोजिम गठन भएको समितिले मर्मत सम्भारका लागि कार्यकारी समिति समक्ष बार्षिक कार्य योजना तयार गरी प्रस्ताव पेश गर्नु पर्नेछ । पेश भएको प्रस्ताव कार्यकारी समितिले स्वीकृत गरी दफा ३३ बमोजिमको कोषबाट रकम निकाशा दिनु पर्नेछ ।

६) मर्मत सम्भार गर्ने र मर्मत सम्भारका लागि आवश्यक सामग्री खरिद गर्ने विशेषाधिकार खानेपानी उपभोक्ता तथा सरसफाई समिति/संस्थामा रहनेछ ।

तर, यसरी गरिएको खर्च प्रचलित कानून बमोजिम फर्स्यौट गर्ने दायित्व रकम प्राप्त गर्ने समिति कै हुनेछ ।

७) खानेपानी उपभोक्ता तथा सरसफाई समिति/संस्थाले प्राधिकरणसंग समन्वय गरी सम्बन्धित क्षेत्रमा खानेपानी तथा सरसफाइका कार्यहरु गर्न सक्नेछ ।

८) खानेपानी उपभोक्ता तथा सरसफाई समिति/संस्थाका अन्य कार्यहरु तोकिए बमोजिम हुनेछ ।

२३. ऋण तथा सहयोग लिन सक्ने : नगरपालिकाको स्वीकृतमा प्राधिकरणले आवश्यकता अनुसार नेपाल भित्रका कुनै बैंक वितीय संस्था वा विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ ।

२४. घर जग्गामा प्रवेश गर्न सक्ने : प्राधिकरणको कुनै कर्मचारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिइ त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

२५. निजी वा सार्वजनिक घर जग्गामा पाइप विच्छ्याउन सक्ने :

क) प्राधिकरणले उपभोक्तालाई खानेपानी वा सरसफाइ सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम पाइप विच्छ्याउँदा वा सोसंग सम्बन्धित अन्य संरचना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानी नोक्सानी पर्न गएमा प्राधिकरणेले सो बापत सम्बन्धित घर जग्गाधनीलाई मनासिब क्षतिपूर्ति दिन सक्नेछ ।

२६. सेवा प्रदायकसंग शुल्क लिन सक्ने : यो वोर्ड गठन हुँदा आफ्ना भौगोलिक क्षेत्र अनुसार सञ्चालन भएका खानेपानीहरुको सेवा शुल्क तथा तहाँको अन्य शुल्क, तथा जरिवाना र धारा जडान शुल्क बमोजिम नै कायम रहनेछ भने यसरी प्राप्त भएको रकम मेचीनगर नगरपालिकाले तोकेको खातामा जम्मा हुनेछ र यो प्राधिकरण गठन भएको ३ बर्ष भित्र समग्र नगर क्षेत्रभित्र खानेपानी महशुलमा एकरुपता कायम गरिनेछ ।

विशाल आचार्य
नगरप्रमुख

सेवामा एकरुपता कायम गर्न सक्ने : प्राधिकरण गठन पूर्व सेवा प्रदायकहरुले आ–आफ्नो किसिमले सेवा शुल्क लिएको भएता पनि प्राधिकरण गठन भएको २ वर्ष भित्रमा समग्र नगर क्षेत्रभित्र खानेपानी महशुल तथा अन्य सेवा शुल्कमा एकरुपता कायम गरिनेछ ।

२८. सेवा अन्त्य गर्न सक्ने : यस ऐन वा प्रचलित कानून बमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा प्राधिकरण वा सेवा प्रदायकले अन्त्य गर्न सक्नेछ ।

२९. चल अचल सम्पतीको विवरण :

यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त रकम तथा उपभोक्ता संस्थाको नाममा रहेका चल अचल जायजेथा प्राधिकरणको सम्पती हुनेछ । सम्पतीको परिचालन कार्यकारी समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३०. नियम बिनियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्राधिकरणले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम कार्यकारी समितिको स्वीकृत भएपछि लागू हुनेछ ।

३१. अतिरिक्त दस्तुर लगाउने :

१) उपभोक्ताले सेवा उपयोग गरेकापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिए बमोजिम अतिरिक्त दस्तुर असूल उपर गर्न सक्नेछ ।

२) बोर्डसँग सम्झौता गरी वा बोर्डको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकले उपभोक्ताबाट बोर्डले तोकिए बमोजिम अतिरिक्त दस्तुर असूलउपर गर्न सक्नेछ ।

३२. निर्देशिका बनाई लागू गर्न सक्ने : प्राधिकरणले यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

परिच्छेद-६

प्राधिकरणको कोष र लेखापरीक्षण

३३. प्राधिकरणको कोष :

१) प्राधिकरण आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

२) कोषमा रहने रकम कार्यालयलाई पायक पर्ने नेपाल राष्ट्र बैक स्वीकृत प्राप्त कुनै क बर्गको बैक वा वितीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

३) खाताको सञ्चालन कार्यकारी निर्देशक र प्राधिकरणको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार,अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण, अनुदान वा सहयोगबापत प्राप्त रकम,

विराट आचार्य
बकरपुरुष

(ग) सेवा प्रदायकलाई सेवा प्रणाली उपयोग गर्न दिएबापत प्राप्त रकम,

(घ) सेवा प्रदायकबाट प्रतिलिपि पत्र दस्तुरबापत प्राप्त रकम,

(ङ) उपभोक्ताले महसुल बापत बुझाएको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

५) प्राधिकरणको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

परिच्छेद ७

विविध

३४. निर्देशन दिन सक्ने : सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी सरसफाइको गुणस्तर कायम राख्ने सम्बन्धमा नगरपालिकाले प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

३५. प्राधिकरण को आम्दानी तथा खर्च विवरण : नगरपालिकोले निर्धारण गरे बमोजिम हुनेछ ।

३६. वार्षिक प्रतिवदेन पेश गर्नु पर्ने:

१) प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा देहायका कुराहरुसमेत समावेश गरी नगरपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३७. नेपाल सरकारसँगको सम्पर्क : प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा खानेपानी बिभाग तथा मन्त्रालयलय मार्फत सम्बन्धित क्षेत्रमा सम्पर्क राख्न सक्नेछ ।

३८. ऐन संशोधन :

१) यो ऐनको संशोधन गर्नु परेमा नगरसभाले गर्नु पर्नेछ ।

२) संशोधन ऐन नगर राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

३९. व्याख्या गर्ने अधिकार : यो ऐनको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

४०. यसै ऐन बमोजिम हुने :

१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ ।

२) उपभोक्ता तथा सरसफाई उपभोक्ता समिति/संस्था समितिले यस अघि प्रचलित कानून बमोजिम गरेका सम्पूर्ण काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

Scanned with CamScanner

परिच्छेद १ को दफा २ को उपदफा (१८) सँग सम्बन्धित

अनुसुचि १

बोर्डको छाप

परिच्छेद ३ को दफा ११ को उपदफा (५) सँग सम्बन्धित

अनुसुचि २

सपथ ग्रहण

म... ... ...मिति.....गते भएको मेचीनगर नगरकार्यपलिकाको.....औं बैठकको निर्णय बमोजिमगठन भएको मेचीनगर खानेपानी व्यवस्थापन प्राधिकरणको कार्यकारी समितिको सदस्यको हैसियतले आत्मालाई साक्षी राखी सत्य निष्ठापूर्वक शपथ लिन्छु ,कि मलाई सुम्पिएको जिम्मेवारी मेचीनगरबासी र प्राधिकरणको हितमा हुने गरी कार्य गर्नेछु । आफ्नो जिम्मेवारी र कर्तव्य पालना गर्दा कसैको डर, त्रास, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष, इमान्दारी तथा निस्वार्थ पूर्वक गर्नेछु ।

आज्ञाले

खेमराज ओझा

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner